Australian Government
Department of Social Services

# घरेलु तथा परिवार हिंसा



DSS1825.02.16

सबैलाई आफ्नो परिवार सुखी, स्वस्थ र सुरक्षित होस् भन्ने चाहना हुन्छ।



हामीलाई हाम्रो घर र समुदायमा हिंसामुक्त जीवन बाँच्न पाउने अधिकार छ।



अष्ट्रेलियामा महिला र पुरुष दुवैको समान अधिकार हुन्छ।




अष्ट्रेलियामा घरेलु हिंसा, लैंगिक हिंसा अर्थात लैंगिक आक्रमण तथा बलजफ्ती विवाह, घरमै हुने गरेता पनि, अपराध हो। पिट्नुलाई मात्र परिवार हिंसा भनिदैन। आक्रामक भई कराउने, छोराछोरीलाई धम्क्याउने, परिवारको पैसा नियन्त्रण गर्ने, वा पार्टनरलाई उसका साथी र परिवारसँग भेट्न नदिने जस्ता क्रियाकलापलाई पनि परिवार हिंसा मानिन्छ।



अष्ट्रेलियामा प्रहरीले सुरक्षा गर्छ र भरोसा गर्न सकिन्छ। यदि तपाई वा तपाईले चिनेको मान्छे तत्काल खतरामा भएको थाहा छ भने प्रहरीलाई **000** मा फोन गर्नुहोस्।




तपाईलाई सुखी र सुरक्षित रहन सहयोग गर्न अष्ट्रेलियामा साँस्कृतिक संवेदनशील सेवाहरू उपलब्ध छन्।




तपाई निम्न कुराहरूमा सहयोग माग्न सक्नुहुन्छ:

- घरेलु तथा परिवार हिंसा
- लैंगिक हिंसा (सेक्सुयल एसल्ट)
- बलजफ्ती विवाह
- बाल हिंसा
- मौखिक दुर्व्यवहार




यदि तपाई खतरामा हुनुहुन्छ भने प्रहरीलाई **000** मा फोन गर्नुहोस्।

यदि तपाईलाई गोप्य परामर्श तथा जानकारी चाहिएमा **1800 RESPECT** लाई **1800 737 732** मा फोन गर्नुहोस्, वा वेबसाईट **www.1800RESPECT.org.au** मा जानुहोस्।

यदि तपाई बलजफ्ती विवाहको खतरामा हुनुहुन्छ भने **अष्ट्रेलियन संघीय (फेडेरल) पुलिस (Australian Federal Police)** लाई **131 237** सम्पर्क गर्नुहोस्।

**अनुवाद तथा दोभाषे सेवा ( Translating and Interpreting Service)** का लागि **131 450** मा नि:शुल्क फोन गर्नुहोस्।

(C) CALDWorld M: 0419525119